हरिनास गाउँपालिका

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण

ORGANIZATION AND MANAGEMENT REPORT OF HARINASH RURAL MUNICIPALITY

गाउँकार्यपालिकाको कार्यालय

चित्रेभन्ज्याङ, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

विषयसूची

परिचय ..... Error! Bookmark not defined.

१.१ अध्ययनको पृष्ठभूमि तथा औचित्य ..... Error! Bookmark not defined.

१.२ अध्ययन सर्वेक्षणको उद्देश्य ..... Error! Bookmark not defined.

१.३ कार्यशर्त ..... Error! Bookmark not defined.

१.४ अध्ययन सर्वेक्षण विधि ..... Error! Bookmark not defined.

१.५ अध्ययनका सीमा ..... Error! Bookmark not defined.

सङ्गठन संरचना र कानूनी आधार ..... Error! Bookmark not defined.

२.१ सङ्गठन सर्वेक्षण ..... Error! Bookmark not defined.

२.२ सङ्गठन व्यवस्थापन तथा सुधारका पूर्वशर्त र मार्गदर्शक सिद्धान्त ..... Error! Bookmark not defined.

२.३ संवैधानिक र कानूनी आधार ..... Error! Bookmark not defined.

सङ्गठन व्यवस्थापन सर्वेक्षण विश्लेषण ..... Error! Bookmark not defined.

३.१ गाउँपलिकाको परिचय र वित्तीय व्यवस्थापन ..... Error! Bookmark not defined.

३.२ सबल र सुधारयोग्य पक्ष ..... Error! Bookmark not defined.

३.३ कार्यबोझको अबस्था र गाउँपालिकाको कार्य जिम्मेवारी ..... Error! Bookmark not defined.

३.४ सङ्गठन संरचना र दरबन्दी प्रक्षेपण विश्लेषण ..... Error! Bookmark not defined.

परिच्छेद- ४ ..... Error! Bookmark not defined.

सङ्गठन संरचना र दरबन्दी प्रस्ताव तथा सुझाव ..... Error! Bookmark not defined.

४.१ सङ्गठन संरचना र दरबन्दी प्रस्ताव ..... Error! Bookmark not defined.

४.२ तलब तथा अन्य सुविधा खर्च विश्लेषण ..... Error! Bookmark not defined.

४.३ कार्य विवरण ..... Error! Bookmark not defined.

४.४ सुझावहरु ..... Error! Bookmark not defined.

अनुसूचीहरु 31

प्रश्नावली फारमहरु 50

परिच्छेद- १

परिचय

१.१ अध्ययनको पृष्ठभूमि तथा औचित्य

संघीय संविधान जारी पश्चात स्थानीय तहको दुईवटा निर्वाचन सम्पन्न भइसके पनि संघीय निजामती सेवा ऐन नबन्दा प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन समस्यामूलक हुनपुगेको छ । संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सम्बन्धी ऐनको मर्मअनुरुप स्थानीय सेवालाई व्यवस्थित गर्न प्रदेशस्तरका निजामती सेवा ऐनहरू बनिनसकेको अवस्थामा स्थानीय सेवाको गठन तथा सञ्चालन झनै कष्टप्रद बन्नपुगेको छ । स्थानीय तहको प्रशासकीय अधिकृतको नियुक्ति संघ वा प्रदेश कस्ले गर्ने विषय पछिल्लो समयमा विवादित रहँदै आएको छ । संघीय निजामती सेवा ऐनको अभावमा स्थानीय तहबाट कानुन निर्माण नगरीकन कर्मचारी बढुवा वा स्तरवृद्धि गर्ने कामले स्थानीय तहको प्रशासनिक संयन्त्रमा वृत्ति विकास, सेवा सुविधा, सरुवा, बढुवा प्रणाली आ आफ्नो तरिकाले अघी बढै झैं देखिएको छ । विगतमा जिल्ला वा केन्द्र सरकारबाट प्रायः हुने काम हाल स्थानीय कार्यपालिका र वडाको कार्यक्षेत्रमा रहेको भएपनि गाउँपालिका र वडा कार्यालयहरुमा कर्मचारी व्यवस्था अपूरो रहँदा सेवाग्राहीले अपेक्षा गरेअनुसारको सेवा पाउन सकेका छैनन् । स्थानीय तहको कार्यालय व्यवस्थापनमा कर्मचारीको खटन्पटन् अस्तव्यस्त देखिएपछि पहिलो निर्वाचित कार्यकाल समाप्ती पश्चात पनि स्थानीय तहका कार्यालयहरु अझ पूर्ण क्षमतामा सञ्चालन हुनसकेका छैनन ।

स्थानीय सरकार सञ्चालनको अभ्यासले सेवा प्रवाह योजना तर्जुमा प्रकृया, विकास आयोजनाहरुको कार्यान्वयनमा केही सुधार भएको छ । तर स्थानीय सरकारको अवधारणामा कार्यपालिकाको सङ्गठन ढाँचा तयार हुन नसक्दा विभिन्न सेवा, समूह, उपसमूह हरुबाट संवेदनशिलरुपमा प्राप्त हुनुपर्ने परिमाणात्मक विशेषज्ञीयता प्राप्त हुनसकेको छैन । स्थानीय तहहरुमा आगामी वर्षहरुमा भौतिक पूर्वाधारको निर्माणमा आउने तिब्रता, योजनाहरुको वार्षिक सङ्ख्या, घरनक्शापास प्रकृयाका लागि आवश्यक इन्जिनियरिङ् सेवा उपलब्ध हुनसकेको छैन । थोरै परिमाणका कामका लागि बढी जनशक्ति र एउटा कार्य एक भन्दा बढी कर्मचारीको कार्य विवरणमा राखिंदा अन्तर विरोध भै काम सम्पादनमा असर परिआएको देखिन्छ । कर्मचारीहरुलाई नियुक्तका साथ सम्बन्धित पदमा रही गर्नुपर्ने कामबारेको कार्य विवरण उपलब्ध गराउन नसकिंदा “सबैले सबै काम गर्ने” गरेको देखिन्छ

। सामाजिक विकास, लैंगिक समानता, समावेशीकरण, बालबालिका र ज्येष्ठ नागरिक हेरचाह आदि विषयहरु स्थानीयतहका प्राथमिकताबाट हराउँदै गएको देखिएको छ ।

संबिधानको धारा ३०२ मा स्थानीय सेवा प्रवाहका लागि नेपाल सरकारले राष्ट्रसेवक कर्मचारी समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउने भनिएको छ । कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम नेपालका सम्पूर्ण स्थानीय तहहरूको लागि आवश्यक न्यूनतम जनशक्ति नेपाल सरकारबाट व्यवस्थापन गरिएको र कानूनले तोकेअनुसार नयाँ सङ्गठन संरचना निर्माण र कर्मचारी व्यवस्थापन नभए सम्मका लागि २५ हजारसम्म जनसङ्ख्या रहेको गाउँपालिकाको लागि अस्थायी रूपमा उपलव्ध गराईएको सङ्गठन संरचना र सो बमोजिमको दरबन्दीकै आधारमा कामकाज भइआएको छ । कर्मचारी समायोजनको प्रयास पश्चात कायम भएको कर्मचारीको सङ्ख्या र पदस्थापनमा कानूनी जटीलता समेत बढ्दै गइ स्थानीय सेवा नराम्री प्रभावित हुन थालिसकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहका कार्यालय संगठन र कर्मचारीको व्यवस्थापन (नियुक्ति, सेवा सुविधाका शर्त, बृत्ति विकासका अवसर तथा विषयगत शाखा स्थापना आदी) का बारेमा भएको स्पष्ट व्यवस्थाहरु माथी विश्लेषण गरिएका विविध पक्षका कारण स्थानीय तहले कार्यान्वयन गर्नसकेका छैनन । आफ्नो आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कार्यालयको कार्यबोझ एवं भौगोलिक क्षेत्र तथा सेवा प्रदान गर्नु पर्ने जनसंख्याको आधारमा विद्यमान सांगठनिक अवस्था र कर्मचारी संख्यामा थपघट गर्न पर्ने अवस्था देखिएको छ । गाउँपालिकाको विद्यमान दरबन्दीको सङ्ख्या र ढाँचा गाउँपालिकाको आवश्यकता, मातहतका विद्यमान संरचना, स्थानिय तहले सम्पादन गर्नुपर्ने कार्यहरु र सहरी स्वरुपका सुविधाहरुको विस्तार र नयाँ सम्भावनाहरुलाई थप विश्लेषण गरि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी विवरण र प्रस्ताव गर्नुपर्ने आवश्यकता रहेको पृष्ठभूमिमा स्थानीय सरकार सञ्चालनऐन, २०७४ को प्रावधान अनुरुप प्रस्तुत सङ्गठन संरचना सम्बन्धी अध्ययन तथा सर्वेक्षण गरिएको हो ।

१.२ अध्ययन सर्वेक्षणको उद्देश्य

सङ्गठन व्यवस्थापन सर्वेक्षणको मूख्य उद्देश्य हरिनास गाउँकार्यपालिका कार्यालय र अन्तरगतका निकाय र वडा समितिको कार्यालयको संगठन संरचना, जनशक्ति दरबन्दी र शाखा तथा पदहरुको कार्यविवरण तयार गर्नु हो । स्थानीय तहको संवैधानिक अधिकार क्षेत्रका कार्यसम्पादनमा संगठन

विकास, जनशक्ति व्यवस्थापन र कार्यसम्पादनका सम्बन्धमा विद्यमान समस्याको समीक्षा गरी दरबन्दी र कार्य विवरण सहितको प्रस्ताव तयार गर्नु हो ।

१.३ कार्यशर्त

हरिनास गाउँपालिकाको संगठन व्यवस्थापन सर्वेक्षण तयारीका लागि निम्न कार्यशर्तहरु दिइएको थियो ।

- कार्यपालिकाको कार्य प्रकृति र कार्यबोझको आधारमा मौजुदा सङ्गठन संरचनामा सुधार एवम् पुनर्संरचना सहितको गाउँकार्यपालिका र मातहतमा स्थापना हुने सङ्गठनहरुको संरचना तथा दरबन्दी तेरीज तयारी,
- शाखा तथा एकाइहरुको कार्यविवरण तयारी,
- प्रस्तावित दरबन्दीका लागि व्ययभार, र
- कर्मचारी व्यवस्थापन सम्बन्धी नीति कार्यान्वयन गर्न अबलम्बन गर्नुपर्ने रणनीतिहरु ।

१.४ अध्ययन सर्वेक्षण पद्धति

प्रस्तुत सर्वेणक्षका लागि निम्न विधिहरु अवलम्बन गरिएको थियो ।

१.४.१ सङ्गठन व्यवस्थापन सर्वेक्षणको आवश्यकता तथा निर्देशित गर्नेसम्बन्धित दस्तावेज अध्ययन

नेपालको संविधान, निजामती सेवा ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गण्डकी प्रदेश लोक सेवा आयोग ऐनहरुका साथै कार्य विस्तृतिकरण, नेपाल सरकार, २०७३ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका २०६६, नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय निजामती कर्मचारीको कार्यविवरण तयार गर्ने निर्देशिका २०६७, नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय हरिनास गाउँपालिका, कार्य विभाजन नियमावली हरिनास गाउँपालिका, पार्श्वचित्र र आवधिक योजनाको अध्ययन गरिएको थियो ।

१.४.२ अभिमूखिकरण तथा अन्तरकृया

संगठन संरचनाको अवधारणा, आवश्यकता, कार्यभार आदिका बारेमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरु प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी प्रशासन लगायत सबै शाखा सम्बद्ध

कर्मचारीहरुलाई संक्षिप्त अभिमूखिकरण गरिएको थियो । तत्पश्चात विभिन्न चरणमा सङ्गठन स्वरुप दरबन्दीका आधार र शर्तहरु बारेमा अन्तरकृया गरिएको थियो । अन्तरकृया गर्ने क्रममा सङ्गठन संरचना, कर्मचारिको दरबन्दी, सेवा समूह, कार्यभार, कार्य विश्लेषण लगायतका विवरणहरु उपर एकाइगत धारणा लिइएको थियो ।

१.४.३ प्रश्नावली

सर्वेक्षणको क्रममा सबै शाखा र वडा कार्यालय सम्बद्ध कर्मचारीहरुबाट प्रश्नावली मार्फत सङ्गठन संरचना निर्धारण, कर्मचारी संख्या निर्धारण र कर्मचारी व्यवस्थापनका लागि गाउँपालिकाले विधानत: सम्पादन गर्नुपर्ने विस्तारित समूहकृत अधिकारक्षेत्र (संविधानको धारा २२१/ संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारसूची र अनुसूची ९ मा रहेको साझा अधिकार; स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को गाउँपालिकाको काम, कर्तव्य र अधिकार; दफा १२ को वडा समितिको काम, कर्तव्य र अधिकार) समेटिएको गाउँपालिकालको कार्य सम्पादन प्रश्नावली फारम- १, शाखा प्रमुख कार्यबोझ विश्लेषण प्रश्नावली फारम-२ वडा कार्यालय/ वडा सचिव कार्यबोझ विश्लेषण प्रश्नावली फारम- २.१ कार्यपालिकाको कार्यालय, भौतिक सम्पत्ति प्रश्नावली फारम- ३ वडाकार्यालय भौतिक सम्पत्ति प्रश्नावली फारम- ३.१ मार्फत सूचना एवम् तथ्याङ्क प्राप्त गरिएको थियो । (प्रश्नावली फारमहरु अनुसूची खण्डमा राखिएका छन ।)

१.४.४ परामर्श

परामर्श चरणमा तथ्याङ्क तथा विवरण र सुझाब सङ्कलन भएपछि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी अध्ययन/ पुनरावलोकन गरिएको थियो । अध्ययन सर्वेक्षण प्रतिवेदन मसौदा उपर गाउँपालिकामा विभिन्न तहमा छलफल भइ प्राप्त प्रतिकृया, सुझावहरु समावेश गरि यो अन्तिम प्रतिवेदन तयार गरिएको हो ।

१.५ अध्ययनका सीमा

हरिनास गाउँपालिकाको पार्श्वचित्र पूर्ण र अद्यावधिक हुन नसकेको कारण वडास्तरीय कतिपय सूचनाहरु विश्लेषण गर्न कठिनाइ भएको छ ।

गाउँपालिकाको आन्तरिक राजस्वको सङ्कलनको परिमाण सानो रहेको तलब खर्चका लागि मूलरुपमा समानीकरण तथा सशर्त अनुदानमै निर्भर रहनुपर्ने अवस्था भएको र सरसफाइ तथा अग्नी नियन्त्रण सम्बन्धी कार्यबोझ नगन्य रहेको परिप्रेक्षमा गरिएको विश्लेषण पूर्ण नहुनसक्छ । ती कार्यहरु सृजना हुनासाथ कतिपय शाखा उपशाखाहरुको कार्यक्षेत्र विस्तार हुने र प्रस्ताव गरिएको कर्मचारी सङ्ख्या न्यून हुनसक्छ ।

छोटो समय र सीमित दक्षहरुको संलग्नतामा सम्पन्न यो प्रतिवेदनमा कर्मचारी व्यवस्थापनका अन्य आयामहरु समेट्न सकिएको छैन ।

१.६ सङ्गठन व्यवस्थापन सर्वेक्षण कार्यसमूह

सङ्गठन व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्यसम्पादन तथा सहजिकरण र मसौदा प्रतिवेदन तयारीमा परामर्शदाता संस्था “स्कोलर नेपाल” का लागि निम्न विषयविज्ञहरुको संलग्नता रहेको थियो ।

<u>बसन्त राज गौतम</u>

- एम पी ए (जनप्रशासन) - त्रिभुवन विश्वविद्यालय । पूर्व सहसचिव नेपाल सरकार
- स्थानीय शासन गृह प्रशासन योजना तथा अनुगमन, सामाजिक सुरक्षा बिषयविज्ञ

<u>पदमा आचार्य</u>

- एम ए (राजनीतिशास्त्र) - त्रिभुवन विश्वविद्यालय । सहायक प्राध्यापक, मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत
    - स्थानीय तहका योजना तर्जुमा लैंगिक समानता तथा सामाजिक सशक्तिकरण सहकारी व्यवस्थापन बाल सामाजिक संरक्षण विषयमा स्वतन्त्र परामर्शदाता ।

परिच्छेद- २

सङ्गठन संरचना र कानूनी आधार

२.१ सङ्गठन सर्वेक्षण

सङ्गठन सर्वेक्षण कार्य मध्यम अवधिका लागि गरिने र सङ्गठनको बदलिंदो आवश्यकताका आधारमा परिमार्जन गरिने एक महत्वपूर्ण संस्थागत कार्य हो । यस्तो सर्वेक्षणबाट प्राप्त नतिजाहरुको आधारमा नै सङ्गठनको सङ्गठन संरचना, जनशक्तिको बनौट र सङ्ख्या निर्धारण गरिन्छ । सही सङ्गठन सर्वेक्षण परिणामले सङ्गठनको सेवा उपर स्थानीय बासिन्दाको पहुँच र सेवाको गुणस्तर अभिवृद्धि गर्ने कार्यालयको जनशक्ति निर्धारण गर्दछ। सङ्गठन सर्वेक्षणका तथ्याङ्कले पुष्टी हुननसक्ने पद र सङ्ख्याहरु सङ्गठनको लागि दीर्घकालीन बोझ हुनसक्ने सम्भावना समेतलाई विचार गरी आवश्यकतानुरुप यो सर्वेक्षण आवधिकरुपमा अद्यावधिक गरिनुपर्छ ।

सङ्गठन सर्वेक्षण गरिंदा देहायका विषयहरुलाई ध्यान दिइनुपर्छ ।

- स्थानीय तहहरुको सांगठनिक संरचनाहरुलाई उपयुक्त आकारमा ल्याउने विषय
- संगठनलाई समसमायिकरुपमा सुदृढ र सक्षम तुल्याउनका लागि आवश्यक पर्ने नीति
- उपलब्ध गराउनुपर्ने सेवा सुविधाको प्रभावकारीता अभिवृद्धि गर्ने विषय
- कर्मचारी उत्प्रेराणा र मवनोवलको अभिवृद्धिसँगै संगठनकको उत्पादन र उत्पादकत्व बढाउन आवश्यकपर्ने योजना तथा रणनीति सम्बन्धित विषय
- संगठनलाई थप प्रभावकारी बनाउन आवश्यकपर्ने स्रोत साधन खोजी तथा प्राप्ति सम्बन्धित विषय ।

२.२ सङ्गठन व्यवस्थापन तथा सुधारका पूर्वशर्त र मार्गदर्शक सिद्धान्त

जनशक्ति विश्लेषण कुनै पनि दर्शनभन्दा कम स्थापित विषय हो र विकासको प्रकृयामा यो एक निपुण कला हो । यस्का सिद्धान्तहरु विभिन्न वातावरणीय तत्व र यस सम्बन्धी तथ्याङ्कको महत्व र उपयोगसँग सम्बन्धित रहन्छन । उल्लेखयोग्य केही प्रारम्भिक पूर्वशर्तहरु निम्न छन ।

- अर्थ व्यवस्थामा नीजिक्षेत्रको वर्तमान र भविष्यको आवश्यकता

- विभिन्न पेशाहरुको सङ्ख्यात्मक उपस्थिति यथार्थ
- प्रविधिको विकास र प्रयोगमा वृद्धि
- तालिमका दौरान अस्थायीरुपमा रिक्तहुनजाने पदहरुमा कार्य गर्न आवश्यक संख्या
- सम्पादन भइआएका कार्यहरुको पुनर्संरचना तथा पुनर्यान्त्रिकीकरण
- प्राप्त तालिम अनुरुप कार्यभार र जिम्मेवारी वहन
- स साना मर्मत सम्भार निर्माण जडान आदि काम सम्बन्धित पदहरुका लागि पनि उच्च पदतह सृजना ।

(Manpower Planning and Attraction, O Glen Stahl, Public Personnel Administration, Oxford and IBH publication 1971, page 99)

यस सङ्गठन सर्वेक्षण तथा विश्लेषण र सङ्गठन संरचना परिमार्जनका लागि सङ्गठन सम्बन्धी स्थापित निम्न मान्यता एवं सिद्धान्तहरुलाई मार्गदर्शनका रुपमा लिइएको छ ।

- स्थानीय तहको संवैधानिक अधिकार कार्यक्षेत्रका आधारभूत सेवाको सुनिश्चिता,
- सेवा उपर स्थानीय बासिन्दाको पहुँच र सेवाको गुणस्तर,
- कर्मचारीको उत्पादकत्व एवम् कार्यकुशलता र मितव्ययीता,
- कार्य जिम्मेवारी र जवाफदेहिता
- वृत्ति विकासको अवसर, र
- भविष्यपरक र बदलिंदो प्रवृत्ति । (कृत्रिम बुद्धिमानी र यान्त्रिकीकरण/ artificial intelligence and automation, सामाजिक सञ्जालको उपयोग/ mobile technology/social media/ on line learning, लचीलो र अनुकूल सिकाइ/flexible or adaptive learning principles आदि)

प्रशासनिक दृष्टिकोणले पदसोपान (hierarchy) भन्नाले कुनै अधीनस्थ उपर वरिष्ठको उच्चता बुझिन्छ । पदसोपान क्रमबद्धरुपमा अनेकस्तरका हुन्छन जो एक- आपस मा जोडीएका हुन्छन । एक व्यवस्थापकले कति सङ्ख्यामा प्रत्यक्षरुपमा आफु मातहतका कर्मचारीलाई सुपरीवेक्षण गर्नसक्छ वा गर्नुपर्छ भन्ने अनुमानित सङ्ख्या Span of Control हो । यस्तो सङ्ख्याको निर्धारण प्रमुखरुपमा

- सम्पादन गरिने कामको जटीलता (Complexity)
- कर्मचारीको सीप र अनुभव (Skill/ experience)
- काममा हुने त्रुटीको मात्रा (Acceptable error rate)
- व्यवस्थापकीय अनुभव (Managerial experience)
- गतिशील कार्य वातावरण (Dynamic environment)
- प्रविधिको प्रयोग (Use of Technology) जस्ता विभिन्न तत्वले निर्देशित गर्छ ।

परम्परागतरुपमा यो सङ्ख्या १: ४ को अनुपातमा रहेकोमा प्रविधि लगायत जनशक्ति विकासका विभिन्न उपक्रमका कारण यो सङ्ख्या सङ्गठनको प्रकृति अनुसार १:१५/२० सम्म रहेको पाइन्छ। *(विविध स्रोत)*

२.३ संवैधानिक र कानूनी आधार

२.३.१ संविधान र स्थानीय तहको कार्य क्षेत्र

संविधानको धारा २१८ अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्ना कार्य सञ्चालन नियमावली आफै बनाउन सक्छन । धारा २२१ मा स्थानीय तहको व्यवस्थापकीय अधिकारहरु प्रत्याभूत गरिएको छ । संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारसूची र अनुसूची ९ मा साझा अधिकार सूची निर्धारण भएको छ । धारा २२६ ले स्थानीय सरकारको रुपमा कानून बनाउने (अनुसूची ८ र ९ का क्षेत्रमा) अधिकार प्रत्याभूत गरेको छ ।

२.३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा १ र २ ले वडा समितिको काम कर्तव्य तोकेको छ ।

दफा ८३ मा प्रशासकीय सङ्गठन र कर्मचारी दरबन्दी अन्तरगत रहेका प्रावधानहरु देहाय बमोजिम छन ।

- गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिशष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नुपर्ने ।

- सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हनुपर्ने ।
- प्रमखु प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाको अधिकार तथा कार्यबोझ समेतको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिनुपर्ने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नुपर्ने ।
- कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधी उपचार सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सिश्चत हुनेगरि मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने ।
- स्थानीय तहको सेवा सञ्चालनको लार्ग अस्थायी दरबन्दी सृजना गर्न नसकिने ।
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कारय सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयक्तु र प्रभावकारी हने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्नसकिने ।
- नगर प्रहरी, सवारी चालक, सयश, कायाालिय सहयोगी, प्लम्बर, ईलेजक्ट्रर्सयन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूती नगरी प्रर्तस्पधााको आधारमा सेवा करारबाट मात्र लिनुपर्ने।
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रर्तवेदन सभाबाट स्वीकृत गराउनुपर्ने।

२.३.३ गण्डकी प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५

- प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्ने ।

गण्डकी प्रदेश लोकसेवा आयोग गठन भइ प्रारम्भिक कार्यहरु प्रारम्भ भएका छन ।

परिच्छेद- ३

सङ्गठन व्यवस्थापन सर्वेक्षण विश्लेषण

३.१ गाउँपलिकाको परिचय र वित्तीय व्यवस्थापन

गण्डकी प्रदेशको स्याङ्जा जिल्ला अवस्थित हरिनास गाउँपालिका नेपाल संविधानको धारा २९५ को उपधारा ३ बमोजिम २०७३/११/२७ मा गठित स्थानीय तहहरु मध्येको एक हो । स्थानीय तहको पुर्नसंरचना हुँदा साविकका किचनास गा.वि.स को ६, ८ र ९ वडा, चिसापानी गा.वि.स को १-९ वडा, चित्रे गा.वि.स को १-९ वडा, क्याक्मी गा.वि.सको १-९ वडा तथा चिन्नेवास गा.वि.स को ७ ,८ र ९ वडालाई मिलाइ यो गाउँपालिका बनेको हो । यस गाउँपालिकाको पूर्वमा तनहुँको भिमाद नगरपालिका, उत्तरमा तनहुँको शुक्लागण्डकी नगरपालिका, पश्चिममा बिरुवा गाउँपालिका र चापाकोट नगरपालिका तथा दक्षिणमा चापाकोट नगरपालिका र तनहुँको भिमाद नगरपालिका रहेका छन् । ८७.४८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको नामकरण स्याङ्जा जिल्लाकै ठुलो एवम् प्रख्यात हरिनासको वनबाट भएको हो ।

यस गाउँपालिकामा ७ वटा वडाहरु रहेका छन् भने यसको केन्द्र साविक चित्रेभन्ज्याङ गा.वि.स कार्यालयमा रहेको छ । गाँउपालिकाको कुल जनसंख्या १७३४३ (जनगणना २०६८) रहेकोमा जनगणना २०७८ को प्रारम्भिक अनुमानमा घटेको (१२९७९) देखिन्छ । सबैभन्दा बढी जनसंख्या भएको वडा नं. ४ हो । सबैभन्दा कम जनसंख्या वडा नं. ५ मा रहेको छ । क्षेत्रफलका आधारमा सबैभन्दा सानो वडा नं. १ (७.९८ वर्ग कि.मि.) र सबैभन्दा ठूलो वडा नं. ७ (१५.६९ वर्ग कि.मि.) रहेका छन ।यस गाउँपालिकाको करिव ६२.३१ % भू-भाग खेतियोग्य जमिनले ओगटेको छ । २२.०६ % प्रतिशत भुभाग जंगलले ओगटेको छ भने करिब ७.७४ % भू-भागमा घाँसे मैदान रहेको छ ।

संघीय राजधानी र प्रदेश राजधानी दुबैबाट समदुरी (२०० कि.मि. बाह्रै महिनाचल्ने सडक) मा रहेको पहाडी जिल्लामा अवस्थित हरिनास गाउँपालिकाको आफ्नो सिमित स्रोत साधन र प्राप्त सरकारी अनुदान नै मुख्य आम्दानीको स्रोत हो । कुल वार्षिक बजेट/ खर्च: ४१. ८ करोड (०७७।७८) मा आन्तरिक राजस्वको हिस्सा रु. १५ लाख (०७७।७८) रहेको छ । चालु आ.व.

०७९।८० मा वित्तीय समानीकरण अनुदान रु. ९.३३ करोड सशर्त अनुदान रु. १७.१९ करोड विशेष अनुदान रु. २.४९ करोड समपूरक अनुदान रु. १.६० करोड गरी कुल अनुदान रु. ३०.६१ करोड रहेको छ । प्रदेशतर्फको कुल अनुदान रु. १.१३ करोड रहेको छ ।

सामाजिकसुरक्षा भत्ता लाभग्राही सङ्ख्या २६५० जना (आ. व. ०७७।७८) रहेकाछन । गाउँपालिकाको तलब खर्च (पदाधिकारी बाहेक) वार्षिक सालाखाला रु. ३ करोड १९ लाख ९८ हजार रहेको छ (आ. व. ०७८।७९) ।

३.२ सबल र सुधारयोग्य पक्ष

३.२.१ सबल पक्ष

गाउँपलिकाको निर्वाचित नेतृत्व तथा पदाधिकारीहरुमा प्रारम्भ देखि नै संघीयताको मर्म अनुरुप स्थानीय सरकारको रुपमा गाउँपालिका संचालन व्यवस्थापन भइआएको देखिन्छ।

कर्मचारीहरुहरुको सेवा भाव सकारात्मक छ । अन्य स्थानीय तहको तुलनामा अधिकांश कर्मचारीको उमेरसमूह कम रहेकोले प्रविधिमा आधारित सेवा सम्बन्धित नयाँ माग सम्बोधनका लागि सक्षम मानिन्छन ।

गाउँपालिकाको सङ्गठन सङ्ख्यात्मक हिसावले छरितो रहेको छ । ९ वटा शाखा र उत्तिकै सङ्ख्यामा रहेका उपशाखाहरुबाट गाउँपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित सेवा प्रवाह बर्तमान सङ्गठन संरचना र उपलब्ध जनशक्ति मार्फत वडा कार्यालयहरूबाट दिईदै आएकोछ ।

गाउँपालिकामा समायोजन भन्दा पहिले देखि कार्यरत प्रायः कर्मचारीहरुले विषय क्षेत्र सम्बन्धी न्यूनतम तालिम र कार्यपालिका सदस्यहरुले स्थानीय सरकार सञ्चालन सम्बन्धी आधारभूत तालिमहरू प्राप्त गरेका छन । आवश्यकताको सिद्धान्तमा मात्र कर्मचारी रहेको देखिन्छ ।

"कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पुर्वाधार

भाषा, संस्कृति, पहिचान सहितको समृद्ध गाउँपालिकाको आधार" सोचका साथ अघी बढेको गाउँपालिकाले प्रदान गर्ने प्रविधिमा आधारित स्थानीय आधारभूत सेवा प्रवाहमा अबरोध रहेको देखिएन ।

गाउँपालिका क्षेत्रमा सहरी क्षेत्रको विकास र विस्तार सामान्य रहेको हुँदा पालिका क्षेत्रमा सहरको स्वरूप परिवर्तन र सेवा सम्बन्धी मागको प्रकृति बेग्लै हुने सम्भावना निकट भविष्यमा रहेको छैन । सहरीक्षेत्र कम भएको कारण फोहर मैला व्यवस्थापन र अग्नी रोकथाम तथा नियन्त्रण जस्ता संवेदनशील क्षेत्रमा तत्काल व्यवस्थापन जटिलता रहेको छैन ।

गाउँपालिकाको अधिकारक्षेत्र सम्बन्धित सुरक्षाका लागि सानो सङ्ख्यामा रहेको गाउँ/ नगरप्रहरी बाट स्थानीय नेपाल प्रहरी सँग समन्वयात्मरुपमा काम सम्पादन भइआएको देखिज्छ ।

स्थानीय ऐन/ नियमावली/ कार्यविधि सङ्ख्या २५ को हाराहारी मा स्वीकृत भएका छन ।

प्राविधिक जनशक्तिको व्यवस्थापनका दृष्टिकोणले ५ लाख र सो भन्दा माथीका योजना सङ्ख्याः२० भन्दा मा रहेको छ (आ. व. ०७७।७८)

३.२.२ सुधारयोग्य पक्ष

उन्नत सामुदायिक वनक्षेत्र अवस्थित यस गाउँपालिकाले आफ्नो विशिष्ट भौगोलिक तथा प्राकृतिक अबस्थालाई मध्यनजर गरी विशिष्टरुपमा सहरीकरणका भौतिक प्रयासहरू र सोका लागि सेवा सुविधाको आंकलन गरी कर्मचारी व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्न सकेको देखिंदैन ।

गाउँ कार्यपालिकाको भूमीका आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा नीति तर्जुमा गर्ने, कानून निर्माण गर्ने, र सरल, सहज सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक कार्यविधि तथा मापदण्डहरुको निर्माणले गति लिनसकेको देखिदैन ।

कार्यालय एकाइहरु र पदहरुको विस्तृत कार्य विवरण र कार्यबोझ विश्लेषण विना सङ्गठन ढाँचा तथा कर्मचारिको आवश्यकता निक्यौंल भएकोले गाउँलिकामा सुरक्षा, सरसफाई, मर्मतसंभार जस्ता सेवा संस्थासँगको सेवा करारको सट्टा व्यक्ति सित करार गरी लिने गरिएको देखिन्छ ।

सङ्घ, प्रदेश तथा साझेदार संस्थाहरूबाट प्राप्त अनुदानहरूको कार्यान्वयन गर्न विद्यमान संरचना तथा दरबन्दी पर्याप्त नरहेको ।

घर नक्सा पास/ स्वीकृति/ निस्सा दिने काम प्रारम्भा नभएको ।

मध्यम लागतका योजना सङ्ख्या वार्षिकरुपमा २० वटा भन्दा कम रहेको भएता पनि मौजुदा प्राविधिक जनशक्ति अपुग भएको गुनासो रहेको ।

३.३ कार्यबोझको अबस्था र गाउँपालिकाको कार्य जिम्मेवारी

यस अनुच्छेदमा गरिएका विश्लेषणको मूल आधार सर्वेक्षणका क्रममा भरिएका प्रशनालवलीबाट प्राप्त सूचना तथा जानकारी हुन ।

कार्यपालिकामा प्रशासन तथा योजना, स्वास्थ्य, प्राविधिक, शिक्षा, सूचना प्रविधि, आर्थिक प्रशासन, महिला विबास, कृषी, पशुसेवा, गरी ९ वटा विषयगत शाखा रहेका छन । यसैगरी ७ वटा वडा कार्यालयहरुबाट संवैधानिक अधिकारक्षेत्र भित्रका र कार्यपालिकाबाट प्रत्यायोजित कार्यहरु सम्पादन भइआएका छन । हाल कायम प्रत्येक शाखा र अन्तर्गतका उपशाखा वा एकाइहरुको छुट्टा छुट्टै कार्यबोझको अध्ययन भएको छैन । शाखा तथा पदको कार्यविवरण नभएकै कार्य जिम्मेवारी विश्लेषणमा प्राथमिकरुपमा काम सम्पादन गर्ने र आंशिकरुपमा सम्पादनमा संलग्न हुने कर्मचारीको सङ्ख्या भन्दा ती कामका लागि समन्वयात्मक सहयोगमा संलग्नहुने कर्मचारीको सङ्ख्या अधिक देखिन आएको छ ।

विद्यमान दरबन्दी र कर्मचारी समायोजन पछिको अवस्था विश्लेषण गर्दा सङ्गठन संरचना, तहगत/श्रेणीगत दरबन्दी विचमा तालमेल रहेको देखिन्न । पालिकाले सङ्गठन व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन ढाँचा निर्माण र सोही अनुरुप दरबन्दी स्वीकृत गरिसकेको अबस्था छैन । विशिष्ट

भौगोलिक अबस्था, र थप सेवा, सुविधा र मानव विकास सूचकाङ्कमा कमजोर रहेका विषयक्षेत्रमा सेवाको पहुँच बढाउन कार्यबोझ आङ्कलन गरिएको अबस्था छैन ।

काम सम्पादन गर्न आवश्यक व्यवस्थापकीय समस्याका रुपमा जनशक्तीको कमी, जनप्रतिनिधि तथा कर्मचारी बिच समन्वयको अभाव, र ऐन, नियमको कमी प्रमुख देखिएका छन ।

सम्पादन गरी आएको कार्य आफ्नो पद र तहको भूमिका अनुरुप रहेको छ भन्ने कर्मचारीको सङ्ख्या बढी रहेको छ ।

कार्यालय समय अघी र पछी पनि काम सम्पादन गर्ने कर्मचारीको सङ्ख्या उच्च छ । तर काम सम्पादन गति सन्तोषजनक मात्र रहेको विश्लेषण पदाधिकारीहरुको छ । उपलब्ध वार्षिक विदाहरु उपयोग गर्ने कर्माचारीको सङ्ख्या कम छ ।

वडा सचिवहरुको अधिकांश समय सिफारिस तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी काममा भएको देखिन्छ ।

गाउँपालिकाले संस्थागतरुपमा सेवा पुर्याउनुपर्ने शिक्षा, स्वास्थ्य , भाषा, संस्कृति, कला संरक्षण र सम्बर्द्धन, युवा तथा खेलकुद आदि क्षेत्रका लागि सङ्गठन संरचनामा उपयुक्त ढाँचा रहेको छैन । निकट भविष्यमा आवश्यकपर्ने पर्यटन, बैदेशिक सहयोग, अतिथी सत्कार, भगिनी सम्बन्ध, र मर्यादा तथा अतिथी सत्कार जस्ता विषयका लागि छुट्टै एकाइ रहेको छैन ।

एम्बुलेन्स, बेवारिस लास व्यवस्थापन जस्ता विषयक्षेत्र कसैको कार्यक्षेत्रमा तोकिएको नदेखिएको तर आवश्यकता भन्दा बढी कर्मचारीबाट समन्वय भइआएको देखिन्छ ।

भावी नगरपालिकाको अवधारणा अनुरुप सेवालाई प्रविधिमैत्री अधिकृतमूलक र समन्वयात्मक बनाउँदै लैजान सघन जनसङ्ख्या भएका वडा कार्यालयमा वडासचिवको दरबन्दी अधिकृतमूलक रहेको छैन ।

वडा कार्यालयहरु न्यूनतम जनशक्तिबाट संचालन भएका छन । नक्शापास, समुदाय सशक्तिकरण, सार्वजनिक खरीद, आन्तरिक नियन्त्रण, सहर सुरक्षा, अग्नी नियन्त्रण जस्ता सेवाक्षेत्रका लागि पदहरु सृजना नभएको वा सिमीत छन ।

स्वास्थ्य संस्थाहरु न्यूनतम कर्मचारीको आधारमा संचालित छन । स्वास्थ्यकेन्द्रहरुमा रहेका पद र सङ्ख्या समेत पुनरावलोकन गरिनुपर्ने देखिएको छ । १५ शैय्याको अस्पताल निर्माणाधिन रहेकोमा सोका लागि आवश्यक न्यूनतम दरबन्दी सम्बन्धी सोच तयार गरिनुपर्ने देखिन्छ ।

३.४ सङ्गठन संरचना र दरबन्दी प्रक्षेपण विश्लेषण

३.४.१ कार्यपालिका सङ्गठन संरचना

प्रस्तुत सङ्गठन संरचना र दरबन्दी सम्बन्धी प्रस्तावले देहायका आधारभूत पक्षहरुलाई समेटेको छः

- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयव्दारा प्रारम्भमा कायम गरिएको अन्तरिम संगठन तालिका आधारभूत पक्ष
- सङ्गठन संरचनामा वडाको सङ्गठन संरचना समावेश
- नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा प्रर्तिस्पधाको आधारमा सेवा करारबाट
- कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन नियमावलीमा उल्लेख भएका कार्य
- हप्तामा ४० घण्टाको कार्यबोझ
- प्रविधिमा आधारित कार्य सम्पादन र
- गाउँपालिकाको बढ्दो जिम्मेबारीलाई ब्यबस्थित रुपमा निर्वाह गर्नका लागि बिभिन्न उपशाखा/ एकाइहरुको अवधारणा ।

गाउँपालिकामा समायोजन प्रकृयाका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको प्रारम्भिक दरबन्दी र २५००० सम्म जनसङ्ख्या भएका गाउँपालिकाहरुका लागि प्रारम्भमा स्वीकृत गरिएको दरबन्दी अनुसूची-१ मा राखिएको छ ।

सङ्घीय मन्त्रालयहरुबाट प्राप्त सङ्गठन संरचना तथा दरबन्दी, कृषि तथा पशुसेवा तर्फको दरबन्दी. स्वास्थ्यसेवा तर्फ स्वास्थ्यकेन्द्रहरुको कर्मचारिको दरबन्दी र समायोजन भइआएका र गाउँपालिकाले करारमा लिएका सबै प्रकारका गरि हाल कार्यरत कर्मचारी/ दरबन्दी सङ्ख्या ८१ रहेको छ (अनुसूची-२) । सो मध्ये १८ पद कार्यालय सहयोगीस्तरका छन ।

जनघनत्व प्रति वर्ग किलोमिटर १४६ जना रहेको हरिनास गाउँपालिकाले ८७.४८ वर्ग कि.मी. क्षेत्रमा फैलिएको ७ वटैवडाको १२,९७९ (२०७८) जनसङ्ख्या मा पुर्याउनुपर्ने सेवा यस क्षेत्रका अन्य समानस्तरको गाउँपालिकाको तुलनामा समान स्तरको रहेकोछ । स्थानीय सरकारको रुपमा सृजित सेवा सम्बन्धी दायित्वका अतिरिक्त लागतलाभका दृष्टिकोणले यो सालाखाला भन्दा न्यून अबस्था हो जस्कालागि सङ्गठनको तेर्सो बिस्तार र दरबन्दीको सङ्ख्यालाई निश्चित सिमामा राखी सञ्चालन खर्च व्यवस्थापन गरिनुपर्छ ।

समृद्ध देशमा प्रदेश तथा स्थानीय सरकार (नगरपालिका) मा रहेको कर्मचारी सङ्ख्या र प्रति कर्मचारीले सेवा पुर्याइआएको नागरिकको सङ्ख्याका सम्बन्धमा अमेरीकी राज्य फ्लोरिडाको उदाहरण ***(चित्र- १)*** सान्दर्भिक र उदाहरणीय हुनसक्छ । उक्त राज्यमा ५ हजार देखि १५ हजार सम्म जनसङ्ख्या भएका नगरपालिकाहरुमा सालाखाला ९५ जना पूर्णकालिन कर्मचारी रहेको देखिन्छ । यसैगरि सोही जनसङ्ख्याका नगरपालिकाहरुमा प्रत्येक कर्मचारीले ७५ जना स्थानीय बासिन्दालाई सेवा पुर्याएआएको देखिन्छ ।

उल्लेखित सन्दर्भमा हरिनास गाउँपालिकाको हालको जनसङ्ख्या १२,९७९ र सो जनसङ्ख्यालाई सेवा पुर्याउन उपलब्ध कर्मचारी सङ्ख्या ९० मान्दा एक कर्मचारीले औसत १४२ जनसङ्ख्यालाई सेवा पुर्याउनुपर्ने देखिन्छ । आर्थिक मितव्ययिताको दृष्टिकोणबाट हरिनास गाउँपालिकाको बर्तमानमा कायम यो अनुपात उपयुक्त नै मान्नुपर्ने हुन्छ ।



चित्र- १, समृद्ध देशमा प्रदेश तथा स्थानीय सरकार (नगरपालिका)मा कर्मचारी सङ्ख्या- अमेरीकी राज्य फ्लोरिडा (http://www.floridaleagueofcities.com/docs/default)

यसैगरि हरिनास गाउँपालिका भन्दा तीनगुणा बढी जनसङ्ख्या तर समान भूक्षेत्र भएको युरोपको एक सानो सहर Narva, Estonia, Europe को आधारभूत पक्षहरु विश्लेषण सान्दर्भिक देखिन्छ ।

Narva, Estonia, Europe		हरिनास गाउँपालिका
क्षेत्रफल	९०.७२ वर्ग कि.मि.	८७.४८ वर्ग कि.मि.
जनसंख्या	५६,१०३ (सन२०१८)	२१,७७८ (घरधुरी सर्वेक्षण सन २०१८) १२,९७९ (राजग २०७८)
सङ्घीय सामिप्यता	राजधानीबाट २०० कि.मि.	राजधानीबाट २०० कि.मि. प्रदेश राजधानीबाट १०० कि.मि.
कार्यपालिका कार्यालय	५ शाखा	८/९ शाखा
कर्मचारी सङ्ख्या	७० भन्दा कम	८० भन्दा बढी

माथी गरिएका विभिन्न विश्लेषण र स्थानीय सरकारले सम्पादन गर्नु पर्ने कार्यहरूको लागि मौजुदा साङ्गठनिक संयन्त्र र कर्मचारीहरूको ब्यवस्थालाई समेत विश्लेषण गरी न्यूनतम तर अविच्छिन्न सेवाको सुनिश्चितता हुने गरी कर्मचारी संख्या कम राखेर पनि सेवा प्रवाह र विकास निर्माणमा गति दिन सकिने गरी शाखा उपशाखा/ एकाइ र कर्मचारी दरबन्दी प्रस्ताव गरिएको छ ।

३.४.२ वडा संरचना

सात वडामा विभाजित गाउँपालिकाको सबैभन्दा सानो वडा नं. १ (७.९८ वर्ग कि.मि.) र सबैभन्दा ठूलो वडा नं. ७ (१५.६९ वर्ग कि.मि.) रहेको छ । कुनै पनि वडाहरुबाट गाउँपालिकाको केन्द्रमा मिश्रीत उपाय (सवारी पैदल आदि) बाट पुग्न लाग्ने सरदर समय बढीमा २ घण्टा रहेको छ । सबैभदा बढी जनसङ्ख्यका वडा नं. ४ मा २५०० भन्दा बढी रहेको छ । सवै किसिमका सेवा वडास्तरबाट नै प्रदान गर्नका लागि ७ वटा वडा कार्यालयमा उच्च जनघनत्व भएका र मुख्य सडकसँग जोडिएका केही वडाहरु बाहेक अन्य सहायक मार्गहरुले जोडिएका क्षेत्रमा सेवा पुर्याउनुपर्ने जनसङ्ख्या कम रहेको छ । गाउँपालिकाका वडाहरुको जनघनत्व, बनौट र सेवा पहुँचको अवस्थामा भिन्नता देखिएकोले दरबन्दी प्रयोजनका लागि जनसंख्या राजस्व सङ्कलन र सेवा प्रवाहको , घनत्वको आधारमा वडाहरुलाई दुइ वर्गमा छुट्ट्याइएको छ ।

गाउँपालिकामा हाल संघीय सरकारका अन्य निकाय रको सङ्ख्या न्यून रहेकोले वडा सचिवका लागि अन्तर निकास समन्वयमा बढी समय दिनुपर्ने अवस्था देखिंदैन । यसर्थ बढी जनसङ्ख्या भएका वडामा २, ४, ६ र ७ मा पाँचौ तहको वडा सचिव र बाँकी वडाहरुमा चौथोतहको वडा सचिव राखिएको छ । सबै वडाहरुमा सहायक चौथो कम्प्युटर सहायकको दरबन्दी राखिएको छ । राजस्व सङ्कलन सम्बन्धी कामको आरम्भ भएको र सुचना प्रविधिको उच्चतम प्रयोग गरी स्थानीय सेवाहरु digital / virtual प्रविधिबाट प्रदानगर्ने उद्देश्यले सबै वडाहरुमा कम्प्युटर सहायकको दरबन्दी प्रस्ताव गरिएको छ । वडाकार्यालयहरुका लागि प्रस्ताव गरिएको कुल २४ दरबन्दी तल प्रस्तुत गरिएको छ ।

वडा कार्यालय दरबन्दी				
पद नाम	तह	सेवा /समूह		
वडा सचिव वडा कार्यालय २ ४, ६ र ७	पाँचौं	प्रशासन	१	४
वडा सचिव वडा कार्यालय १ ३ र ५	चौथो	प्रशासन	१	३
सव ईन्जिनियर	पाँचौं	ईन्जी/सिभिल	१	३
कम्प्युटर अपरेटर	चौथो	विविध	१	७
कार्यालय सहयोगी			१	७
कुल				२४

३.४.३ स्वास्थ्य एकाइ संरचना

स्वास्थ्यसेवा तर्फ स्वास्थ्य चौकी- ३ र सामुदायिक स्वास्थ्यकेन्द्र- ५ को कुल ३९ दरबन्दी तल प्रस्तुत गरिएको छ ।वडा ३ चिसापानीमा १५ शैयाको अस्पताल निर्माणाधीन छ ।

स्वास्थ्य चौकीका हकमा ५ हजार माथीको जनसङ्ख्याका लागि नेपाल सरकारबाट प्रस्ताव गरिएको दरबन्दी अनुसूची- ३ मा राखिएको छ । उल्लेखित दरबन्दी सङ्ख्यामा गाउँपालिकाको स्वास्थ्य सूचक नजिकको स्वास्थ्यकेन्द्रहरुको पहुँच उपलब्ध स्वास्थ्यकेन्द्रको पूर्ण उपयोगको आवश्यकता समेतका आधारमा हाललाई परिमार्जन गरि आवश्यक सङ्ख्या प्रस्ताव गरिएको छ ।

स्वास्थ्य चौकी- चिसापानी चित्रेभन्ज्याङ् क्याक्मी			
पद	तह		
हेअ/ सिअहेव	५/ ६	१	३
स्टाफनर्स/ सिअनमि		१	३
ल्याव सहायक	४/ ५	१	३
सामुदायिक स्वास्थ्य सहायक	४/ ५	१	३
सामुदायिक नर्स सहायक	४	२	६
कार्यालय सहायक		१	३
जम्मा		७	२१
सामुदायिक स्वास्थ्य केन्द्र- सालडाँडा प्यासिङ हरिनास ४ कुलिनखोला देउराली कोइराले			
हेअ/ अहेव	४/ ५	१	६
स्टाफनर्स/ सअनमि	४/ ५	१	६
कार्यालय सहायक		१	६
जम्मा		३	१८
कुल जम्मा			३९

परिच्छेद- ४

सङ्गठन संरचना र दरबन्दी प्रस्ताव तथा सुझाव

४.१ सङ्गठन संरचना र दरबन्दी प्रस्ताव

सङ्गठन व्यवस्थापन सर्वेक्षण र माथी विभिन्न परिच्छेदहरुमा गरिएका विश्लेषणका आधारमा प्रस्ताव गरिएको सङ्गठन संरचना अनुसार हरिनास गाउँपालिकाका लागि वडाकार्यालय तर्फ २४ स्वास्थ्यसेवा (हाल अस्पतालको लागि प्रस्ताव नभएको) तर्फ ३९ गरी आवश्यक कर्मचारीको दरबन्दी संख्या १०२ हुन आउँछ । कुल सङ्ख्या मध्ये कार्यालय सहयोगी, नगरप्रहरी र हल्का सवारी चालक कर्मचारिको संख्या २६ रहेकोछ । प्रस्तावित संरचना ढाँचा र शाखा, उपशाखा/ एकाइहरुको नाम विवरण तल ***चार्ट- १*** मा देखाइएको छ । प्रस्तावित शाखा, उपशाखा/ एकाइगत विस्तृत दरबन्दी ***चार्ट- २*** **(**पाना १ र २**)** मा राखिएको छ । प्रस्तावित दरवन्दीको सङ्ख्यात्मक विवरण ***तालिका- १*** मा राखिएको छ । उल्लेखित बाहेक सरसफाइ, बगैंचा हेरचाह र मर्मत सम्भार लगायतका कामका लागि सेवा करारमा लिने प्रस्ताव गरिएको छ ।

चार्ट- १

हरिनास गाउँपालिका



चार्ट- २ (पाना १)

हरिनास गाउँपालिका सङ्गठन संरचना



चार्ट- २ (पाना २)

हरिनास गाउँपालिका सङ्गठन संरचना

प्रमुख प्रशासकीय अधिकृत

स्वास्थ्य सेवा शाखा
अधिकृत छैठौं/ सातौं तह जस्वा -१
अहेव चौथो/ पाँचौ तह स्वा- १

स्वास्थ्य चौकी ३ ३९
सिअहेव पाँचौ/छैठौ तह - ३
सि अनमि पाँचौ तह - ३
अहेव चौथो/ पाँचौ तह -३
अनमि चौथो/ तह - ६
ल्याव सहायक चौथो तह- ३
कार्यालय सहयोगी - ३

सामुदायिक स्वास्थ्यकेन्द्र ६
हेअ/ अहेव चौथो/ पाँचौं- ६
स्टाफ नर्स/ अनमि- ६
कार्यालय सहयोगी - ६

आर्थिक सेवा शाखा
सहकारी तथा उद्यम विकास
अधिकृत छैठौं -१

कृषि तथा पशुपंछी विकास उपशाखा
अधिकृत छैठौं तह कृषिवाली / लापोडेडे -१
प्रा .स.पाँचौ तह वालि वि- १
प्रा .स.पाँचौ तह भेट १
प्रा .स.चौथो तह भेट १

लेखा परीक्षण एकाइ
सहायक पाँचौ छैठौं तह लेखापरीक्षण - १

कानून एकाइ
पाँचौ तह प्र-१

तालिका -१, प्रस्तावित दरवन्दीको सङ्ख्यात्मक विवरण प्रस्तावित पदनाम, पदसङ्ख्या, सेवा/ समूह (शाखा/उपशाखा/ एकाइगत)						
पद नाम	तह	सेवा/ समूह	कायम सङ्ख्या	प्रस्तावित	थप/	शाखा/ उपशाखा/ एकाइ
प्रमुख प्रशासकीय अधिकृत प्रशासन						
सामाजिक विकास अधिकृत	छैठौं/ सातौं	शिक्षा	१	१	०	शिक्षा तथा सामाजिक विकास शाखा
पूर्वाधार विकास प्रमुख	छैठौं/ सातौं	इन्जिनियरिङ	०	१	+१	पूर्वाधार विकास शाखा
प्रशासन प्रमुख	छैठौं/ सातौं	प्रशासन	०	१	+१	सामान्य प्रशासन शाखा
जम्मा				३	२	
जनस्वास्थ्य अधिकृत	छैठौं	जनस्वास्थ्य		१		स्वास्थ्य सेवा शाखा
योजना तथा अनुगमन अधिकृत	छैठौं	प्रशासन		१		योजना तथा अनुगमन उपशाखा
सूचना प्रविधि अधिकृत	छैठौं	सूचना प्रविधि		१		सूचना प्रविधि उपशाखा
लेखा अधिकृत	छैठौं	लेखा		१		आर्थिक प्रशासन उपशाखा
कृषि विकास अधिकृत	छैठौं	कृषि		१		कृषि तथा पशुपंछी विकास उपशाखा
सहकारी तथा उद्यम विकास अधिकृत	छैठौं	प्रशासन		१		
जम्मा				६		
प्रशासन सहायक	पाँचौ	प्रशासन		३		वातावरण, कानून पंजीकरण
शिक्षा सहायक	पाँचौ	शिक्षा		१		शिक्षा तथा सामाजिक विकास शाखा
सव ईन्जीनियर	पाँचौ	इन्जिनियरिङ्		१		पूर्वाधार विकास उपशाखा
सव ईन्जीनियर	पाँचौ	इन्जिनियरिङ्		१		सहरी विकास तथा नक्शा स्वीकृति उपशाखा
अमीन	पाँचौ	सर्भे		१		पूर्वाधार विकास उपशाखा
लेखा सहायक	पाँचौ	प्रशासन		१		आर्थिक प्रशासन उपशाखा
आलेप	पाँचौ	आले		१		आलेप एकाइ
प्राविधिक सहायक कृषि	पाँचौ	कृषि		१		कृषि तथा पशुपंछी विकास उपशाखा
प्राविधिक सहायक पशुपंछी	पाँचौ	पशु		१		कृषि तथा पशुपंछी विकास उपशाखा
सामाजिक विकास सहायक	पाँचौ	विविध		१		महिला तथा बालबालिका उपशाखा
अहेव	पाँचौ तह	स्वास्थ्य		१		स्वास्थ्य सेवा शाखा
जम्मा				१३		
प्रशासन सहायक	चौथो	प्रशासन		३		योजना, जनसम्पर्क, महिला

						तथा बालबालिका
प्राविधिक सहायक पशुपंछी	चौथो			१		कृषि तथा पशुपंछी विकास उपशाखा
कम्प्युटर सहायक	चौथो	विविध		२		प्रशासन सूचना
सहायक नगरप्रहरी निरीक्षक	चौथो	विविध		१		
जम्मा				७		
कार्यालय सहयोगी				४		
नगरप्रहरी हवल्दार १ नगरप्रहरी जवान ३				४		
हलुका सवारी चालक				२		
जम्मा				१०		
वडा कार्यालय						
वडा सचिव	पाँचौ	प्रशासन		४		
वडा सचिव	चौथो	प्रशासन		३		
सव ईन्जिनियर	पाँचौं	ईन्जी/सिभिल		३		
कम्प्युटर सहायक	चौथो	विविध		७		
कार्यालय सहयोगी				७		
जम्मा				२४		
स्वास्थ्यकेन्द्र						
हेअ/ सिअहेव	छैठौ			३		
सि अनमि/ सिअहेव/ हेअ	पाँचौ			६		
अहेव/ अनमि	चौथो /पाँचौ			१२		
स्टाफ नर्स/ अनमि	चौथो/ पाँचौ			६		
ल्याव सहायक	चौथो/ पाँचौ			३		
कार्यालय सहयोगी				९		
				३९		
कुलजम्मा				१०२		

४.२ तलब तथा अन्य सुविधा खर्च विश्लेषण

प्रस्तावित दरबन्दीको लागि स्थानीय तहका लागि स्वीकृत तलवमानका आधारमा व्यहोर्नु पर्ने तलब भत्ता, सुविधा योगदान संचय कोष लगायतका दायित्व सहितको वार्षिक खर्च विश्लेषणका लागि देहायका आधारहरु लिइएको छ ।

- आ.व. ०७९।८० देखि लागु भएको स्थानीय तहको नयाँ तलबमान ।
- आवश्यक तलब खर्च हिसाव गर्दा १ वर्षका लागि १४.२ महिनाको गणना ।

नयाँ सङ्गठन ढाँचाका आधारमा प्रस्ताव गरिएको सवै तहको कुल दरबन्दी सङ्ख्या १०२ का लागि तलब भत्ता, सुविधा योगदान संचय कोष लगायतका आवश्यक वार्षिक खर्च रु. ४ करोड ७३ लाख ५५ हजार हुन आउँछ (***तालिका- २***)। हाल गाउँपालिकाको तलबखर्च (पदाधिकारी बाहेक) वार्षिक सालाखाला रु. ३करोड १९ लाख ९८ हजार रहेको छ । प्रस्तावित दरबन्दीका कारण यो खर्च वार्षिक रु. १ करोड ५३ लाख १७ हजार अर्थात ४७ %(चालु आवको १५ %को सरदर वृद्धिका कारण समेत) ले बढी हुने देखिन्छ ।

तालिका- २

तलब भत्ता व्यय विश्लेषण (रु.)

वर्तमान अवस्था		प्रस्तावित			
स्थान	तलब भत्ता व्यय	तह	संङ्ख्या	आधारभूत तलब	आवश्यक तलबभत्ता खर्च (१४.२ महिना) वार्षिक
कार्यालय	११०२०३१७	तह ११		६०४९०	०
स्वास्थ्य	१४००२०३३	तह १०		५६७८७	०
स्वास्थ्य के		तह ९	०	५२४१७	०
आयर्वेद		तह ८		४८७३७	०
कृषि		तह ७	३	४५८५१	१९५३२५३
करार	६९७५८०४	तह ६	९	४३६८९	५५८३४५४
		तह ५	२६	३४७३०	१२८२२३१६
		तह ४	३८	३२९०२	१७७५३९१९.२
		हेसचा		२९७२८	०
		हसचा	२	२७६१२	७८४१८१
कुल वार्षिक	३१९९८१५४	कास	२४	२४७०२	८४१८४४१.६
		प्रस्तावित व्यय			४७३१५५६४.४
		हालको वार्षिक खर्च			३१९९८१५४
		थप वार्षिक खर्च			१५३१७४१०.४

४.३ कार्य विवरण

नेपालको संविधानले निर्धारण गरेको स्थानीय तहको अधिकार र साझा अधिकार सूची (संविधानको अनुसूची ८ र ९), संघीय तथा प्रदेश कानून बमोजिम प्रदत्त जिम्मेवारी र कार्यक्षेत्रको दायरामा रही स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अन्य व्यवस्था समेत कार्यान्वयनका लागि गाउँपालिकाको साङ्गठनिक संरचनामा प्रस्ताव भएका शाखा, उपशाखा/ एकाइहरूको कार्यविवरण ***अनुसूचि*** *-४* मा राखिएको छ ।

४.४ सुझावहरु

गण्डकी प्रदेशमा स्थानीय तहका कर्मचारीहरुको सेवा र शर्तका विषय र छनौट तथा नियुक्ति लगायतका विषयमा प्रत्यक्ष भूमिका रहने प्रदेश लोकसेवा आयोगको गठन भईसकेको छ । तर प्रदेश सभाबाट कानून तर्जुमा भई सो सम्वन्धी आधार र मापदण्ड निर्धारण भइ नसकेको अवस्थामा पदपूर्ती सम्बन्धी विषयहरु व्यवस्थापन हुन केही समय लाग्ने देखिन्छ ।

सङ्गठनको ढाँचा विशेषज्ञीय पदहरुका हकमा थोरै फराकिलो र कम प्राथमिकताका कार्यालय सञ्चालन सम्बन्धी कार्यहरुका लागि साङ्गुरो बनाइएको छ । तथापी बर्तमान सबै प्रकारका गरी कायम गरिएको दरबन्दी सङ्ख्या नै आगामी मध्यअवधिको आवश्यकतालाई समेत सम्बोधन गर्न पर्याप्त देखिएकोले यो सङ्ख्यालाई अझै छरितो बनाउनु उपयुक्त हुन्छ ।

अविच्छिन्न रुपमा गरिने सेवा प्रवाहका लागि आवश्यक न्यूनतम प्रविधि, उपकरण र संचार साधनलाई बहुजिम्मेवारीको अवधारणामा ढाँचा निर्माण गरिएको छ । श्रेणी बिहीन पदहरु (कार्यालय सहयोगी, सवारी चालक, पालोपहरा, बगैंचा हेरचाह, सरसफाई, धारा, पानी, विद्युत र विद्युतीय उपकरण, कम्प्युटर फोटा कपी मेशीन मर्मत सम्भार सेवाका लागि आवश्यक) को हकमा स्थाईरुपमा कायम हरेका पद बाहेकको सङ्ख्या संस्थाबाट सेवा करारमा लिइनु उपयुक्त हुन्छ ।

अग्नी नियन्त्रण र प्रहरी सम्बन्धी जनशक्तिको लागि प्रस्ताव गरिएका सङ्ख्या न्यूनतम छन । यी दरबन्दीहरु पालिको आवश्यकता र अग्नी नियन्त्रण उपकरणहरुको उपयोगको अवस्था हेरी आवधिकरुपमा परिमार्जन गरिनु उपयुक्त हुन्छ । प्रहरी लगायत अग्नी नियन्त्रणमा परिचालन हुने सबै कर्मचारीलाई आधारभूत सुरक्षा र अग्नी नियन्त्रण तालिम दिइनुपर्छ ।

सहकारी दर्ता तथा नविकरण, उद्योग दर्ता, विशेष प्रकृतिका सवारी दर्ता, श्रम, रोजगार, बजार अनुगमन जस्ता प्रकृयागत सेवाहरुका लागि लागि छुट्टाछुट्टै एकाइ राख्दा सङ्गगठन थप बोझीलो

हुनजान्छ । यसै गरी आर्थिक विकास सम्बन्धित अन्य विषयहरु योजना तथा कार्यक्रमहरुको तर्जुमा मार्फत सम्बोधन हुने भएकोले ती सेवाहरुका लागि छुट्टै शाखाहरु राखिएका छैनन । यी सेवाहरूको परिमाण हाल सिमीत देखिएको र चाप बढे पश्चात मात्र छुट्टै इकाइ स्थापना गरिनु उपयुक्त भएकोले यस्ता सेवाहरु एउटै इकाइबाट दिने गरी प्रस्ताव गरिएकोछ । छुट्टै एकाइ नभएका सेवाहरु कुनै न कुनै शाखा उपशाखाको कार्य विवरणमा समावेश गरिएको छ ।

आयोजना/ परियोजना/ लामो समय अवधिसम्म संचालन गरिने कार्यक्रमहरुका लागि आवश्यक पदहरु अस्थाइरुपमा तत् तत् आयोजना/ परियोजना/ कार्यक्रम आदिमा विनियोजित कार्यक्रम खर्चमा रकम व्यवस्थापन गरिनु उपयुक्त हुन्छ । स्थानीय विकास कोष मातहत सोही कोषबाट तलब खाने गरी वा स्थानीय संचित कोषबाट तदर्थरुपमा खर्च व्योहोरि वडास्तरमा सञ्चालित कार्यक्रममा कार्यरत कर्मचारीहरुको पद कार्यक्रम/ परियोजना अवधिसम्म सिमीत राखिनुपर्छ । ग्रामीण स्वरुपमा आउने क्रमिक सामाजिक परिवर्तनका कारण र वित्तीयक्षेत्रमा वाणीज्य बैंक र लघुवित्त संस्थाहरुको पहुँच बढ्दै जाँदा वडातहका यी कार्यक्रमहरुलाई प्रतिस्पर्धात्मक चुनौती रहन्छ । पद सोपान पद्धतिमा समाहित गर्न वृत्ति विकासका लागि माथिल्लो खुड्किलामा उपयुक्त तहहरु नरहने र उक्लिने सम्भावना पनि नरहँदा यी पदमा कार्यरतहरुमा नैराश्यता आउने हुन्छ । यसर्थ वडास्तरमा संचालन गरिने सबै प्रकारका आर्थिक सामाजिक कार्यक्रम र गतिविधिहरु वडासमितिका संवैधानिक संरचनाहरुकै मातहतमा राख्ने र स्वायत्त कोषलाई पालिकाको दीर्घकालिन दायित्वका रुपमा न राखि आवश्यक जनशक्ति निश्चित समयका लागि मात्र कार्यक्रम/परियोजना तर्फको अस्थाइ/करार दरबन्दीका रुपमा राखिनु उपयुक्त हुन्छ ।

कर्मचारीहरुलाई नियुक्तकासाथ सम्बन्धित पदमा रही गर्नुपर्ने बारेको कार्य विवरण उपलब्ध गराइएको देखिदैन । यसर्थ कानून बमोजिम प्रदत्त जिम्मेवारी र कार्यक्षेत्रको लागि शाखा मातहतका उपशाखा/ एकाइ र कार्यरत पदहरुको हरूको मात्र कार्यविवरण कार्यविवरण छुट्टै बनाइ नियुक्तिका साथ बुझाउने प्रवन्ध गरिनुपर्छ ।

यो सङ्गठन सर्वेक्षणले सुझाव गरेको सङ्गठन तालिका संविधानको धारा २१८ अनुसार स्वीकृत कार्य सञ्चालन नियमावली बनाइ कार्यपालिकाबाट (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ङ) ४ अनुसार) स्वीकृत गरिनुपर्छ ।

सन्दर्भ सामाग्री

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका २०६६, नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय
- निजामती कर्मचारीको कार्यविवरण तयार गर्ने निर्देशिका २०६७, नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय
- गाउँपालिकाको कार्य विभाजन नियमावली
- गाउँपालिकाको वस्तुस्थिति विवरण
- गाउँपालिकाको विभिन्न निर्णय र प्रतिवेदन
- Public Personnel Administration, O Glenn Stahl, Oxford and IBH Publications
- Designing workload analysis questionnaire to evaluate needs of employees: AIP Conference Proceedings 1931, 030027 (2018); https://doi.org/10.1063/1.5024086

अनुसूचीहरु

शाखा/उपशाखा /एकाइगत कार्य विवरण

शाखा, उपशाखा, एकाइगत कार्यविवरण

कर्मचारी प्रशासन शाखा

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी निती, मापदण्ड, सेवा, योजना, कार्यान्वयन र नियमन गर्ने,
- संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजित भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय गर्ने,
- सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य गर्ने,
- गाउँपालिका र अन्तर्गतका कर्मचारीहरूको कर्मचारीको कार्यविवरण तयार र आवश्यकता अनुसार नियमित रुपमा परिमार्जन समेत गरी अद्यावधिक राख्ने,
- स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण सम्बन्धी कार्य योजना बनाउने,
- कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने, गाउँपालिका र अन्तर्गत कार्यालयहरूमा कर्मचारीहरूको नियुक्ति, पदस्थापना, सरुवा, बढुवा र अनिवार्य अवकाश सम्बन्धी, स्वीकृत दरवन्दी अनुसार नयां नियुक्ति, वढुवा, पदस्थापना, अवकाश सम्वन्धी अभिलेखहरु अवधिक, व्यवस्थित तथा सुरक्षित रुपमा राख्ने,
- कर्मचारीको सुविधा सम्बन्धी (निवृत्तिभरण, उपदान, औषधिउपचार, संचयकोष आदि), अभिलेख अवधिक गर्ने कार्य गर्ने,
- रिक्त पदको पदपूर्तिको लागि माग आकृति पठाउने कार्य गर्ने,
- वडा कार्यालयहरूको कार्यसम्पादनको समग्र व्यवस्था मिलाउने,
- गाउँसभा, कार्यपालिका तथा सम्बन्धित समिति/उपसमितिका विभिन्न वैठकहरुको व्यवस्थापन सम्बन्धी,
- गाउँसभा वैठकहरुको कार्यसूचि निर्धारण र सूचना समबन्धी,
- कार्यपालिकाको वैठकहरुको उपयुक्त व्यवस्थापन, निर्णय प्रमाणिकरण, बैठकका निर्णय कार्यान्वयनका लागि सम्बन्धित महाशाखा/शाखा तथा निकायहरूलाई जानकारी गराउने तथा निर्णय पुस्तिकाको सुरक्षा गर्ने,
- गाउँसभा सुरक्षा प्रबन्ध मिलाउने,
- नगर प्रहरीको नियन्त्रण र परिचालन गर्ने,
- निर्वाचित जनप्रतिनिधि तथा पदाधिकारीहरुको अभिलेख व्यवस्थित गर्ने,
- भगिनी सम्बन्ध सम्बन्धी काम गर्ने,
- विदेशी बिशिष्ट पाहुनाहरूको आतिथ्य तथा शिष्टाचार सम्बन्धी कार्य गर्ने,
- कार्यालय र अन्तर्गत ईकाइहरूको सुरक्षा, पालोपहरा, सरसफाई व्यवस्था गर्ने,
- सार्वजनिक विदा, उत्सव, जात्रा, पर्व, उपाधी तथा विभूषण सम्वन्धि कामहरू गर्ने,

- सवारी, उपकरण र औजारको स्याहार सम्भार गर्न लगाउने,
- शाखा अन्तर्गतका उपशाखाहरुको कार्य विवरण र कार्य सम्पादन सूचक तयारी, कार्य वातावरणको सिर्जना, कार्य सम्पादनमा सहयोग, अनुगमन, निरीक्षण एवं मूल्यांकन गरी सुझाव तथा पृष्ठपोषण गर्ने,
- उपशाखाबाट भए गरेका कामहरुको मासिक, चौमासिक र बार्षिक रुपमा समिक्षा बैठक राखी छलफल गराउने, मासिक, चौमासिक र बार्षिक प्रतिवेदन समयमानै सम्बन्धित शाखा तथा निकायमा पठाउने,
- शाखा अन्तर्गत रहने उपशाखा, एकाइ तथा वडा कार्यालयहरुको प्रशासकीय नियन्त्रण गर्ने ।

सूचना तथा प्रविधि विकास उपशाखा

- सूचना तथा तथ्यांक संकलन, प्रशोधन, संग्रह, अभिलेखन र अध्यावधिकरण र व्यवस्थापन गर्ने,
- सूचना प्रकाशन बुलेटिन, ब्रोसर तथा अन्य सूचना तथा जानकारीमूलक सूचनाहरू प्रकाशन गर्ने,
- पुस्तक तथा पत्र–पत्रिकाहरुको संरक्षण सम्बर्धन गरी यथा स्थितिमा राख्न लगाउने,
- कार्यालयबाट गरिने निर्णय, नीति तथा कार्यक्रम, योजना, तथ्यांक, कार्यप्रगति विवरण, बुलेटिन, ब्रोशर, नागरिक वडापत्र तथा अन्य त्यस्ता जानकारी दिने साथै सूचनामूलक प्रकाशनहरू गर्ने,
- सरोकारवालाहरूको आर्थिक तथा प्राविधिक सहयोगमा प्राथमिक तथ्यांक संकलन गरी प्रशोधन गर्ने र विभिन्न विषयगत कार्यालय, सरकारी तथा गैरसरकारी संघसस्ंथाहरूबाट प्राप्त हुने तथ्यांकहरूलाई समेत व्यवस्थित गरि प्रयोगमा ल्याउने,
- गाउँपालिकाको वस्तुगत विवरण, क्षेत्रगत विश्लेषण प्रतिवेदन, वित्तीय विश्लेषण, संस्थागत प्रतिवेदन, विकास बुलेटिन, समाचार, ब्रोसरहरूको प्रकाशन लगायत सोको अध्यावधिक गर्ने र सरोकारवालाहरूलाई उपलब्ध गराउने,
- सूचना व्यवस्थापन, अनुसन्धान, प्रकाशन र वितरण कार्य गर्ने,
- कार्यालयको सूचना प्रवाह गर्न सूचना अधिकारी सम्बन्धी कार्य गर्ने,
- भौगोलिक सूचना प्रणाली सम्बन्धी कार्य गर्ने,
- Website Lease line/Internet Online Portal सम्बन्धी कार्य गर्ने ।

खरीद तथा सम्पत्ति व्यवस्थापन उपशाखा

- मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यससम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्ने,
- मालसामान, निर्माण कार्य वा सेवाको सम्बद्ध वस्तुगत प्राविधिक तथा गुणस्तरजन्य विषेशता र कामको आधारमा तयार गर्ने,
- भण्डार संचालन कार्य व्यवस्था मिलाउने,
- जिन्सी अभिलेखहरु राख्न लगाउने, जिन्सी सम्बन्धी आम्दानी खर्चको समेत अभिलेख राख्ने,
- गाउँपालिका कार्यालय संचालनका लागि आवश्यक सामानहरु खरीद सम्वन्धी कार्य गर्ने,
- गाउँपालिकाको स्थायी सम्पत्तिको अभिलेख राख्ने सम्बन्धी कार्य गर्ने,
- सामानहरुको प्राप्ति, अभिलेख, वितरण, खर्च, सुरक्षा सम्बन्धी कार्य गर्ने,

- कार्यालयमा रहेका सवारी साधनहरुको इजाजत नवीकरण सम्बन्धी कार्य गर्ने,
- कागजात धुल्याउने सम्बन्धी कार्यमा सहयोग गर्ने ।

पंजीकरण तथा सामाजिक सुरक्षा एकाइ

- वडा कार्यालयबाट व्यक्तिगत घटना (जन्म, मृत्यु, बहुविवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री० को दर्ता कार्यहरूको व्यवस्था गर्ने, अनुगमन तथा नियमन गर्ने,
- व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन र नियमन गर्ने,
- वडा कार्यालयबाट दर्ता भएका व्यक्तिगत घटनाका विवरणहरू नियमित रुपमा प्राप्त गरी अभिलेख राख्ने र अद्यावधिक गर्ने,
- व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन तयार गर्ने,
- ब्यक्तिगत घटना दर्ता सम्बन्धी अभिलेख अद्यावधिक गर्ने,
- ब्यक्तिगत घटना दर्ता सम्बन्धी आवश्यक सूचना फारामहरूको ब्यवस्था गर्ने,
- ब्यक्तिगत घटना दर्ता र परिवार लगत सम्बन्धी ऐन, नियम, नीति, निर्देशिका अनुसार आवश्यक कार्ययोजना तयार गर्ने,
- मासिक रुपमा घटना दर्ता विवरण, घटना दर्ता फारम र राजस्वको विवरण बुझिलिई सुरक्षित साथ राख्ने र सम्बिन्धत निकायमा पठाउनु पर्ने विवरण समयमै पठाउने,
- ब्यक्तिगत घटना दर्ता कार्यक्रम संचालन गर्ने र सोको प्रतिवेदन गर्ने,
- ब्यक्तिगत घटना दर्ताको महत्व र अनिवार्यताको वारेमा प्रचारप्रसार गर्ने ब्यवस्था मिलाउने,
